# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फ सहायकस्तर पाँचौ तहका पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. १५७/२०८१-०८२, मिति २०८१/८/२४ गते सोमवार**

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.p1.gov.np मार्फत आवेदन दिनु पर्नेछ।

**क. प्राविधिक तर्फः**

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ५००१/०८१-८२ | खुला | सब इन्जिनियर वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | ५ |
| | | | सब इन्जिनियर वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइवे | १ |
| | | | सब इन्जिनियर वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | ४ |
| | | | खा.पा.स.टे. वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | ५ |
| | | | सब इन्जिनियर वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसन | २ |
| | | | सब इन्जिनियर वा सो सरह | ५ | स्थानीय इन्जिनियरिङ/सिभिल | ८ |
| २ | ५००२/०८१-८२ | आ.ज. | सब इन्जिनियर वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| | | | सब इन्जिनियर वा सो सरह | ५ | स्थानीय इन्जिनियरिङ/सिभिल | २ |
| ३ | ५००३/०८१-८२ | महिला | सब इन्जिनियर वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | २ |
| | | | सब इन्जिनियर वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | १ |
| | | | खा.पा.स.टे. वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | १ |
| | | | सब इन्जिनियर वा सो सरह | ५ | स्थानीय इन्जिनियरिङ/ सिभिल | २ |
| ४ | ५००४/०८१-८२ | दलित | सब इन्जिनियर वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसन | १ |
| | | | सब इन्जिनियर वा सो सरह | ५ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| ५ | ५००५/०८१-८२ | खुला | ल्याब टेक्निसियन वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइवे | १ |
| ६ | ५००६/०८१-८२ | आ.ज. | ल्याब टेक्निसियन वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइवे | १ |
| ७ | ५००७/०८१-८२ | दलित | ल्याब टेक्निसियन वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइवे | १ |
| ८ | ५००८/०८१-८२ | खुला | सब इन्जिनियर वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/वि.एण्ड आ. | ३ |
| ९ | ५००९/०८१-८२ | आ.ज. | सब इन्जिनियर वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/वि.एण्ड आ. | १ |
| १० | ५०१०/०८१-८२ | दलित | सब इन्जिनियर वा सो सरह | ५ | प्रदेश इन्जिनियरिङ/सिभिल/वि.एण्ड आ. | १ |
| ११ | ५०११/०८१-८२ | खुला | सब इन्जिनियर वा सो सरह | ५ | स्थानीय इन्जिनियरिङ/इलेक्ट्रिकल इन्जिनियरिङ | १ |
| १२ | ५०१२/०८१-८२ | खुला | सब इन्जिनियर वा सो सरह | ५ | स्थानीय इन्जिनियरिङ/मेकानिकल इन्जिनियरिङ/ ज.मे.इ. | १ |
| १३ | ५०१३/०८१-८२ | खुला | प्राविधिक सहायक वा सो सरह | ५ | प्रदेश कृषि/कृषि प्रसार | १ |
| | | | प्राविधिक सहायक वा सो सरह | ५ | स्थानीय कृषि/कृषि प्रसार | ३ |
| | | | प्राविधिक सहायक वा सो सरह | ५ | स्थानीय कृषि/बाली संरक्षण | २ |
| | | | प्राविधिक सहायक वा सो सरह | ५ | स्थानीय कृषि/वालीविकास | १ |

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| १४ | ५०१४/०८१-८२ | आ.ज. | प्राविधिक सहायक वा सो सरह | ५ | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | १ |
| | | | प्राविधिक सहायक वा सो सरह | ५ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| | | | प्राविधिक सहायक वा सो सरह | ५ | स्थानीय कृषि/बाली संरक्षण | १ |
| १५ | ५०१५/०८१-८२ | महिला | प्राविधिक सहायक वा सो सरह | ५ | प्रदेश कृषि/कृषि प्रसार | १ |
| | | | प्राविधिक सहायक वा सो सरह | ५ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| १६ | ५०१६/०८१-८२ | दलित | प्राविधिक सहायक वा सो सरह | ५ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| १७ | ५०१७/०८१-८२ | खुला | प्राविधिक सहायक वा सो सरह | ५ | स्थानीय कृषि/फूड.न्यूट्रिसन एण्ड क्वालिटी कन्ट्रोल | १ |
| १८ | ५०१८/०८१-८२ | खुला | पशु स्वास्थ्य प्राविधिक वा सो सरह | ५ | स्थानीय कृषि/भेटेरिनरी | ३ |
| | | | पशु सेवा प्राविधिक वा सो सरह | ५ | प्रदेश कृषि/ला.पो.एण्ड डे.डे. | १ |
| | | | पशु सेवा प्राविधिक वा सो सरह | ५ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | ३ |
| | | | प्राविधिक सहायक वा सोरह | ५ | प्रदेश कृषि/फिसरिज | १ |
| | | | प्राविधिक सहायक वा सोरह | ५ | स्थानीय कृषि/फिसरिज | १ |
| १९ | ५०१९/०८१-८२ | आ.ज. | पशु स्वास्थ्य प्राविधिक वा सो सरह | ५ | प्रदेश कृषि/भेटेरिनरी | १ |
| | | | पशु स्वास्थ्य प्राविधिक वा सो सरह | ५ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| | | | पशु सेवा प्राविधिक वा सो सरह | ५ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | १ |
| २० | ५०२०/०८१-८२ | महिला | पशु स्वास्थ्य प्राविधिक वा सो सरह | ५ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| | | | पशु सेवा प्राविधिक वा सो सरह | ५ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | १ |
| २१ | ५०२१/०८१-८२ | दलित | पशु स्वास्थ्य प्राविधिक वा सो सरह | ५ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| २२ | ५०२२/०८१-८२ | खुला | प्राविधिक सहायक वा सो सरह | ५ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | ४ |
| २३ | ५०२३/०८१-८२ | आ.ज. | प्राविधिक सहायक वा सो सरह | ५ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | २ |
| २४ | ५०२४/०८१-८२ | महिला | प्राविधिक सहायक वा सो सरह | ५ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | १ |
| २५ | ५०२५/०८१-८२ | दलित | प्राविधिक सहायक वा सो सरह | ५ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | १ |
| २६ | ५०२६/०८१-८२ | खुला | प्राविधिक सहायक वा सो सरह | ५ | प्रदेश शिक्षा/पुरातत्व/पुरातत्व | १ |
| २७ | ५०२७/०८१-८२ | खुला | हेल्थ असिस्टेन्ट वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ७ |
| | | | हेल्थ असिस्टेन्ट वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | २७ |
| २८ | ५०२८/०८१-८२ | आ.ज. | हेल्थ असिस्टेन्ट वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | २ |
| | | | हेल्थ असिस्टेन्ट वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ८ |
| २९ | ५०२९/०८१-८२ | महिला | हेल्थ असिस्टेन्ट वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | २ |
| | | | हेल्थ असिस्टेन्ट वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ७ |
| ३० | ५०३०/०८१-८२ | दलित | हेल्थ असिस्टेन्ट वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| | | | हेल्थ असिस्टेन्ट वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | २ |
| ३१ | ५०३१/०८१-८२ | थारु | हेल्थ असिस्टेन्ट वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| ३२ | ५०३२/०८१-८२ | मधेसी | हेल्थ असिस्टेन्ट वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| ३३ | ५०३३/०८१-८२ | मुस्लिम | हेल्थ असिस्टेन्ट वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| ३४ | ५०३४/०८१-८२ | अपाङ्ग | हेल्थ असिस्टेन्ट वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| ३५ | ५०३५/०८१-८२ | खुला | स्टाफ नर्स वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | १२ |
| | | | स्टाफ नर्स वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | ४ |
| ३६ | ५०३६/०८१-८२ | आ.ज. | स्टाफ नर्स वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | ३ |
| | | | स्टाफ नर्स वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | २ |
| ३७ | ५०३७/०८१-८२ | महिला | स्टाफ नर्स वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | ३ |

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| | | | स्टाफ नर्स वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | १ |
| ३८ | ५०३८/०८१-८२ | दलित | स्टाफ नर्स वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | १ |
| | | | स्टाफ नर्स वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | १ |
| ३९ | ५०३९/०८१-८२ | थारु | स्टाफ नर्स वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | १ |
| ४० | ५०४०/०८१-८२ | खुला | पब्लिक हेल्थ नर्स वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/नर्सिङ/कम्यूनिटी नर्सिङ | ३ |
| | | | पब्लिक हेल्थ नर्स वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/नर्सिङ/कम्यूनिटी नर्सिङ | १ |
| ४१ | ५०४१/०८१-८२ | महिला | पब्लिक हेल्थ नर्स वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/नर्सिङ/कम्यूनिटी नर्सिङ | १ |
| ४२ | ५०४२/०८१-८२ | दलित | पब्लिक हेल्थ नर्स वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/नर्सिङ/कम्यूनिटी नर्सिङ | १ |
| ४३ | ५०४३/०८१-८२ | खुला | डेन्टल हाइजिनिष्ट वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/डेन्टिष्ट्री/जनरल डेन्टल | १ |
| | | | डेन्टल हाइजिनिष्ट वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/डेन्टिष्ट्री/जनरल डेन्टल | १ |
| ४४ | ५०४४/०८१-८२ | आ.ज. | डेन्टल हाइजिनिष्ट वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/डेन्टिष्ट्री/जनरल डेन्टल | १ |
| ४५ | ५०४५/०८१-८२ | खुला | कविराज वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | १ |
| | | | कविराज वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | १ |
| ४६ | ५०४६/०८१-८२ | आ.ज. | कविराज वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | १ |
| ४७ | ५०४७/०८१-८२ | खुला | ल्याब टेक्निसियन वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | २ |
| | | | ल्याब टेक्निसियन वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | १ |
| ४८ | ५०४८/०८१-८२ | आ.ज. | ल्याब टेक्निसियन वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | १ |
| ४९ | ५०४९/०८१-८२ | महिला | ल्याब टेक्निसियन वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | १ |
| ५० | ५०५०/०८१-८२ | खुला | रेडियोग्राफर वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/रेडियोग्राफी/रेडियोग्राफी | १ |
| ५१ | ५०५१/०८१-८२ | खुला | फिजियोथेरापी असिस्टेन्ट वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/फिजियोथेरापी | १ |
| ५२ | ५०५२/०८१-८२ | खुला | फार्मेसी सुपरभाइजर वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/फार्मेसी | २ |
| ५३ | ५०५३/०८१-८२ | आ.ज. | फार्मेसी सुपरभाइजर वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/फार्मेसी | १ |
| ५४ | ५०५४/०८१-८२ | खुला | मेडिकल रेकर्ड सुपरभाइजर वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/मेडिकल रेकर्ड | २ |
| ५५ | ५०५५/०८१-८२ | आ.ज. | मेडिकल रेकर्ड सुपरभाइजर सो सरह | ५ | प्रदेश स्वास्थ्य/मेडिकल रेकर्ड | १ |
| ५६ | ५०५६/०८१-८२ | खुला | एनेस्थेसिया सुपरभाइजर वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/विविध/एनेस्थेसिया | २ |
| | | | एनेस्थेसिया सुपरभाइजर वा सो सरह | ५ | स्थानीय स्वास्थ्य/विविध/एनेस्थेसिया | १ |
| ५७ | ५०५७/०८१-८२ | आ.ज. | एनेस्थेसिया सुपरभाइजर वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/विविध/एनेस्थेसिया | १ |
| ५८ | ५०५८/०८१-८२ | खुला | वायोमेडिकल टेक्निसियन वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/विविध/वायोमेडिकल इन्जिनियरिङ | २ |
| ५९ | ५०५९/०८१-८२ | आ.ज. | वायोमेडिकल टेक्निसियन वा सो सरह | ५ | प्रदेश स्वास्थ्य/विविध/वायोमेडिकल इन्जिनियरिङ | १ |

**ख. अप्राविधिक तर्फ**

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ५५०१/०८१-८२ | खुला | नायव सुब्बा वा सो सरह | ५ | प्रदेश प्रशासन, सामान्य प्रशासन | ११ |
| | | | नायव सुब्बा वा सो सरह | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | १८ |
| | | | लेखापाल वा सो सरह | ५ | प्रदेश प्रशासन, लेखा | ११ |
| | | | लेखापाल वा सो सरह | ५ | स्थानीय प्रशासन, लेखा | ३ |
| | | | नायव सुब्बा वा सो सरह | ५ | प्रदेश प्रशासन, राजश्व | २ |
| | | | आ.ले.प. सहायक वा सो सरह | ५ | स्थानीय प्रशासन, आ.ले.प. | १२ |

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| २ | ५५०२/०८१-८२ | आ.ज. | नायव सुब्बा वा सो सरह | ५ | प्रदेश प्रशासन, सामान्य प्रशासन | २ |
| | | | नायव सुब्बा वा सो सरह | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | ५ |
| | | | लेखापाल वा सो सरह | ५ | प्रदेश प्रशासन, लेखा | ३ |
| | | | लेखापाल वा सो सरह | ५ | स्थानीय प्रशासन, लेखा | १ |
| | | | नायव सुब्बा वा सो सरह | ५ | प्रदेश प्रशासन, राजश्व | १ |
| | | | आ.ले.प. सहायक वा सो सरह | ५ | स्थानीय प्रशासन, आ.ले.प. | ३ |
| ३ | ५५०३/०८१-८२ | महिला | नायव सुब्बा वा सो सरह | ५ | प्रदेश प्रशासन, सामान्य प्रशासन | ३ |
| | | | नायव सुब्बा वा सो सरह | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | ४ |
| | | | लेखापाल वा सो सरह | ५ | प्रदेश प्रशासन, लेखा | ३ |
| | | | लेखापाल वा सो सरह | ५ | स्थानीय प्रशासन, लेखा | १ |
| | | | नायव सुब्बा वा सो सरह | ५ | प्रदेश प्रशासन, राजश्व | १ |
| | | | आ.ले.प. सहायक वा सो सरह | ५ | स्थानीय प्रशासन, आ.ले.प. | ३ |
| ४ | ५५०४/०८१-८२ | दलित | नायव सुब्बा वा सो सरह | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | १ |
| | | | लेखापाल वा सो सरह | ५ | प्रदेश प्रशासन, लेखा | १ |
| | | | आ.ले.प. सहायक वा सो सरह | ५ | स्थानीय प्रशासन, आ.ले.प. | १ |
| ५ | ५५०५/०८१-८२ | थारु | नायव सुब्बा वा सो सरह | ५ | प्रदेश प्रशासन, सामान्य प्रशासन | १ |
| | | | नायव सुब्बा वा सो सरह | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | १ |
| | | | लेखापाल वा सो सरह | ५ | प्रदेश प्रशासन, लेखा | १ |
| | | | आ.ले.प. सहायक वा सो सरह | ५ | स्थानीय प्रशासन, आ.ले.प. | १ |
| ६ | ५५०६/०८१-८२ | मधेसी | नायव सुब्बा वा सो सरह | ५ | प्रदेश प्रशासन, सामान्य प्रशासन | १ |
| | | | नायव सुब्बा वा सो सरह | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | १ |
| ७ | ५५०७/०८१-८२ | मुस्लिम | नायव सुब्बा वा सो सरह | ५ | प्रदेश प्रशासन, सामान्य प्रशासन | १ |
| | | | नायव सुब्बा वा सो सरह | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | १ |
| ८ | ५५०८/०८१-८२ | खुला | तथ्याङ्क सहायक वा सो सरह | ५ | प्रदेश प्रशासन/विविध/तथ्याङ्क | १ |
| ९ | ५५०९/०८१-८२ | आ.ज. | तथ्याङ्क सहायक वा सो सरह | ५ | प्रदेश प्रशासन/विविध/तथ्याङ्क | १ |
| १० | ५५१०/०८१-८२ | महिला | तथ्याङ्क सहायक वा सो सरह | ५ | प्रदेश प्रशासन/विविध/तथ्याङ्क | १ |
| ११ | ५५११/०८१-८२ | खुला | महिला विकास निरीक्षक वा सो सरह | ५ | स्थानीय प्रशासन, विविध, महिला विकास | १ |
| १२ | ५५१२/०८१-८२ | खुला | नायब सुब्वा वा सो सरह | ५ | स्थानीय कानून, कानून | ३ |
| १३ | ५५१३/०८१-८२ | आ.ज. | नायब सुब्वा वा सो सरह | ५ | स्थानीय कानून, कानून | १ |
| १४ | ५५१४/०८१-८२ | महिला | नायब सुब्वा वा सो सरह | ५ | स्थानीय कानून, कानून | १ |

**परीक्षाको किसिमः-** लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता।

**लिखित परीक्षा कार्यक्रमः-**

**क. प्राविधिक तर्फः**

| क्र. सं. | सेवा/समूह/उपसमूह | तह | पद | परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १ | इन्जिनियरिङ/सिभिल/जनरल,हाइवे, स्यानिटरी, इरिगेसन | ५ | सब इन्जिनियर वा सो सरह | २०८१/१२/२३ गते बिहान ७:३० बजे | २०८२/२/३ गते दिनको १:०० बजे |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | इन्जिनियरिङ/सिभिल/हाइवे | ५ | ल्याब टेक्निसियन वा सो सरह | २०८१/१२/२४ गते बिहान ७:३० बजे | २०८१/१२/२४ गते दिनको १:०० बजे |
| ३ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आ. | ५ | सब इन्जिनियर वा सो सरह | २०८१/१२/२५ गते बिहान ७:३० बजे | २०८२/२/२४ गते दिनको १:०० बजे |
| ४ | इन्जिनियरिङ/इलेक्ट्रिकल इन्जिनियरिङ | ५ | सब इन्जिनियर वा सो सरह | २०८१/१२/२६ गते बिहान ७:३० बजे | २०८१/१२/२६ गते दिनको १:०० बजे |
| ५ | इन्जिनियरिङ/मेकानिकल इन्जिनियरिङ/ ज.मे.इ. | ५ | सब इन्जिनियर वा सो सरह | २०८१/१२/२७ गते बिहान ७:३० बजे | २०८१/१२/२७ गते दिनको १:०० बजे |
| ६ | कृषि/एगृ.इको. एण्ड मार्केटिङ, कृषि प्रसार, बाली संरक्षण, बाली विकास | ५ | प्राविधिक सहायक वा सो सरह | २०८१/१२/२८ गते बिहान ७:३० बजे | २०८२/२/४ गते दिनको १:०० बजे |
| ७ | कृषि/फुड.न्यूट्रिसन एण्ड क्वालिटी कन्ट्रोल | ५ | प्राविधिक सहायक वा सो सरह | २०८१/१२/२९ गते बिहान ७:३० बजे | २०८१/१२/२९ गते दिनको १:०० बजे |
| ८ | कृषि/भेटेरिनरी, ला.पो. एण्ड डे.डे., फिसरिज | ५ | पशु स्वास्थ्य प्राविधिक/ पशु सेवा प्राविधिक/ प्राविधिक सहायक वा सो सरह | २०८१/१२/३० गते बिहान ७:३० बजे | २०८२/२/५ गते दिनको १:०० बजे |
| ९ | शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | ५ | प्राविधिक सहायक वा सो सरह | २०८१/१२/३१ गते बिहान ७:३० बजे | २०८२/२/१० गते दिनको १:०० बजे |
| १० | शिक्षा/पुरातत्व/पुरातत्व | ५ | प्राविधिक सहायक वा सो सरह | २०८२/१/३ गते बिहान ७:३० बजे | २०८२/१/३ गते दिनको १:०० बजे |
| ११ | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ५ | हेल्थ असिष्टेन्ट वा सो सरह | २०८२/१/६ गते बिहान ७:३० बजे | २०८२/२/१७ गते दिनको १:०० बजे |
| १२ | स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | ५ | स्टाफ नर्स वा सो सरह | २०८२/१/४ गते बिहान ७:३० बजे | २०८२/२/६ गते दिनको १:०० बजे |
| १३ | स्वास्थ्य/नर्सिङ/कम्यूनिटी नर्सिङ | ५ | पब्लिक हेल्थ नर्स वा सो सरह | २०८२/१/५ गते बिहान ७:३० बजे | २०८२/२/७ गते दिनको १:०० बजे |
| १४ | स्वास्थ्य/डेन्टिष्ट्री/जनरल डेन्टल | ५ | डेन्टल हाइजिनिष्ट वा सो सरह | २०८२/१/७ गते बिहान ७:३० बजे | २०८२/१/७ गते दिनको १:०० बजे |
| १५ | स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | ५ | कविराज वा सो सरह | २०८२/१/८ गते बिहान ७:३० बजे | २०८२/२/८ गते दिनको १:०० बजे |
| १६ | स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | ५ | ल्याब टेक्निसियन वा सो सरह | २०८२/१/९ गते बिहान ७:३० बजे | २०८२/१/९ गते दिनको १:०० बजे |
| १७ | स्वास्थ्य/रेडियोग्राफी/रेडियोग्राफी | ५ | रेडियोग्राफर वा सो सरह | २०८२/१/१० गते बिहान ७:३० बजे | २०८२/१/१० गते दिनको १:०० बजे |
| १८ | स्वास्थ्य/फिजियोथेरापी | ५ | फिजियोथेरापी असिस्टेन्ट वा सो सरह | २०८२/१/११ गते बिहान ७:३० बजे | २०८२/१/११ गते दिनको १:०० बजे |
| १९ | स्वास्थ्य/फार्मेसी | ५ | फार्मेसी सुपरभाइजर वा सो सरह | २०८२/१/१२ गते बिहान ७:३० बजे | २०८२/१/१२ गते दिनको १:०० बजे |
| २० | स्वास्थ्य/मेडिकल रेकर्ड | ५ | मेडिकल रेकर्ड सुपरभाइजर वा सो सरह | २०८२/१/१३ गते बिहान ७:३० बजे | २०८२/१/१३ गते दिनको १:०० बजे |
| २१ | स्वास्थ्य/विविध/एनेस्थेसिया | ५ | एनेस्थेसिया सुपरभाइजर वा सो सरह | २०८२/१/१४ गते बिहान ७:३० बजे | २०८२/१/१४ गते दिनको १:०० बजे |
| २२ | स्वास्थ्य/विविध/वायोमेडिकल इन्जिनियरिङ | ५ | वायोमेडिकल टेक्निसियन वा सो सरह | २०८२/१/१५ गते बिहान ७:३० बजे | २०८२/१/१५ गते दिनको १:०० बजे |

ख. अप्राविधिक तर्फः

| क्र.सं. | सेवा/समूह/उपसमूह | तह | पद | परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १ | प्रशासन/सामान्य प्रशासन,लेखा, राजश्व, आ.ले.प. | ५ | नायव सुब्बा/लेखापाल/आ.ले.प. सहायक वा सो सरह | २०८२/१/१३ गते बिहानको ११:०० बजे | २०८२/२/१७ गते दिनको १:०० बजे |
| २ | प्रशासन/विविध/तथ्याङ्क | ५ | तथ्याङ्क सहायक वा सो सरह | २०८२/१/१४ गते दिनको १:०० बजे | २०८२/१/१५ गते दिनको १:०० बजे |
| ३ | स्थानीय प्रशासन, विविध, महिला विकास | ५ | महिला विकास निरीक्षक वा सो सरह | २०८२/१/१६ गते बिहानको ७:३० बजे | २०८२/२/१८ गते दिनको १:०० बजे |
| ४ | स्थानीय कानून, कानून | ५ | नायब सुब्बा वा सो सरह | २०८२/१/१७ गते बिहानको ७:३० बजे | २०८२/२/१९ गते दिनको १:०० बजे |

**परीक्षा केन्द्रः-** प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर

**परीक्षा दस्तुरः-**

| तह | दरखास्त दस्तुर | एकै सेवा/समूहको पदका किसिम वा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि |
|---|---|---|
| पाँचौ | रु. ७००।- | रु. २००।- |

**दरखास्त दिने अन्तिम मितिः** - २०८१/९/१४ गते र दोब्बर दस्तुर तिरी २०८१/९/२१ गतेसम्म।

**दरखास्त दस्तुर बुझाउने स्थान र विधिः-** दरखास्त दस्तुर आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा मास्टर आइडी (Master ID) र कारोवार संकेत नं. उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएको बैङ्कबाट नगद समेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** ढिलोमा २०८१/९/२२ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य बुझाइसक्नु पर्नेछ।

**दरखास्तको माध्यमः-** खुला तथा समावेशी तर्फ विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.p1.gov.np बाट हेर्न सकिने छ।

**उम्मेदवारको उमेरको हदः-** २०८१/९/१४ गतेसम्म १८ बर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० बर्ष ननाघेको ।स्वास्थ्य सेवाको हकमा १८ बर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीहरूको हकमा उमेरको हद लाग्ने छैन।

पेश गर्नुपर्ने कागजातहरुः- उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, द्रष्टव्यको (क) बमोजिमको प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ ।सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको दुवै भाग स्क्यान गरी JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ।
**दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जिम्मेवार र जवाफदेही हुनुपर्नेछ।**

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- सेवा समूह सम्बन्धी।

तलवः- प्रचलित कानून बमोजिम।

## आवश्यक न्यूनतम शैक्षिक योग्यताः

**खुला तथा समावेशी प्रतियोगिताको लागिः**

१. **सब इन्जिनियर वा सो सरह, तह ५, इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

२. **सब इन्जिनियर वा सो सरह, तह ५, इन्जिनियरिङ सेवा, सिभिल समूह, हाइवे उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

३. **सब इन्जिनियर वा सो सरह, तह ५, इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

४. **इन्जिनियर वा सो सरह, तह ७, इञ्जिनियरिङ सेवा, सिभिल समूह, वि.एण्ड आ. उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा आर्किटेक्चरल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

५. **सब इन्जिनियर वा सो सरह, तह ५, इन्जिनियरिङ सेवा, सिभिल समूह, इरिगेसन उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

६. **सब इन्जिनियर वा सो सरह, तह ५, इन्जिनियरिङ सेवा, इलेक्ट्रिकल इन्जिनियरिङ समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

७. **सब इन्जिनियर वा सो सरह, तह ५, इन्जिनियरिङ सेवा, मेकानिकल इन्जिनियरिङ समूह, जनरल मेकानिकल इन्जिनियरिङ उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

८. **ल्याव टेक्निसियन, तह ५, इन्जिनियरिङ सेवा, सिभिल समूह, हाइवे उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा एक महिना स्वायल टेक्निसियन तालिम प्राप्त गरेको।

९. **प्राविधिक सहायक वा सो सरह, तह ५, कृषि सेवा, एगृ.इको. एण्ड मार्केटिङ समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./एस.इ.इ./टी.एस.एल.सीउत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लाण्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण। ।

१०. **प्राविधिक सहायक वा सो सरह, तह ५, कृषि सेवा, कृषि प्रसार समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट आई.एस्सी. एगृ (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./एस.इ.इ./टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लाण्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

११. **प्राविधिक सहायक वा सो सरह, तह ५, कृषि सेवा, बाली संरक्षण समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./एस.इ.इ./टी.एस.एल.सीउत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लाण्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

१२. **प्राविधिक सहायक वा सो सरह, तह ५, कृषि सेवा, बाली विकास समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लाण्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

१३. **प्राविधिक सहायक वा सो सरह, तह ५, कृषि सेवा, फूड न्यूट्रिसन एण्ड क्वालिटी कन्ट्रोल समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयलिई प्रमाणपत्र वा आई. एस्सी. (एग्री) वा सो सरह उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषयलिई एस.एल.सी./एस.इ.इ./टी.एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त।

१४. **पशु स्वास्थ्य प्राविधिक वा सो सरह, तह ५, कृषि सेवा, भेटेरिनरी समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी./एस.इ.इ./टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लाण्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (पशु विज्ञान) कोर्ष उत्तीर्ण।

१५. **पशु सेवा प्राविधिक वा सो सरह, तह ५, कृषि सेवा, ला.पो.एण्ड डे.डे समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एगृ (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी./एस.इ.इ./टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लाण्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (पशु विज्ञान) कोर्ष उत्तीर्ण।

१६. **प्राविधिक सहायक वा सो सरह, तह ५, कृषि सेवा, फिसरिज समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट आई.एस्सी. एगृ (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी./एस.इ.इ./टी.एस.एल.सीउत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लाण्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए.(पशु विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (पशु विज्ञान) कोर्ष उत्तीर्ण।

१७.**प्राविधिक सहायक वा सो सरह, तह ५, शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

१८.**प्राविधिक सहायक वा सो सरह, तह ५, शिक्षा सेवा, पुरातत्व समूह, पुरातत्व उपसमूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट पुरातत्व विषयमा स्नातक वा इतिहास र संस्कृति मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण।

१९.**हेल्थ असिस्टेन्ट वा सो सरह, तह ५, स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

२०.**स्टाफ नर्स वा सो सरह, तह ५, स्वास्थ्य सेवा, नर्सिङ समूह, जनरल नर्सिङ उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह तह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

२१.**पब्लिक हेल्थ नर्स वा सो सरह, तह ५, स्वास्थ्य सेवा, नर्सिङ समूह, कम्यूनिटि नर्सिङ उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

२२.**डेन्टल हाइजेनिष्ट वा सो सरह, तह ५, स्वास्थ्य सेवा, डेन्टिष्ट्रि समूह, जनरल डेन्टल उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट डेन्टल हाइजिनिष्ट विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरि सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

२३.**कविराज वा सो सरह, तह ५, स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी आयुर्वेद चिकित्सा परिषद, नेपालमा नाम दर्ता तथा नवीकरण भएको।

२४.**ल्याब टेक्निसियन वा सो सरह, तह ५, स्वास्थ्य सेवा, मेडिकल ल्याब टेक्नोलोजी समूह, जनरल ल्याब टेक्नोलोजी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

२५.**रेडियोग्राफर वा सो सरह, तह ५, स्वास्थ्य सेवा, रेडियोग्राफी समूह, रेडियोग्राफी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

२६.**फिजियोथेरापि असिस्टेन्ट वा सो सरह, तह ५, स्वास्थ्य सेवा, फिजियोथेरापि समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

२७.**फार्मेसी सुपरभाइजर वा सो सरह, तह ५, स्थास्थ्य सेवा, फार्मेसी समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल फार्मेसी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

२८.**मेडिकल रेकर्ड सुपरभाइजर वा सो सरह, स्वास्थ्य सेवा, मेडिकल रेकर्ड समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा गणित विषयमा स्नातक उपाधि प्राप्त।

२९.**एनेस्थेसिया सुपरभाइजर वा सो सरह, तह ५, स्वास्थ्य सेवा, विविध समूह, एनेस्थेसिया उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स वा हेल्थ असिस्टेन्ट उत्तीर्ण गरी एनेस्थेसिया असिस्टन्टको १ वर्षको तालिमप्राप्त गर्नुका साथै सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

३०.**वायोमेडिकल टेक्निसियन वा सो सरह, तह ५, प्रदेश स्वास्थ्य, विविध समूह, वायोमेडिकल इन्जिनियरिङ उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण भएको।

३१.**नायब सुब्बा वा सो सरह, तह ५, प्रशासन सेवा, सामान्य प्रशासन समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) वा सो सरह उत्तीर्ण।

३२.**लेखापाल वा सो सरह, तह ५, प्रशासन सेवा, लेखा समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्रमा प्रविणता प्रमाणपत्र तह/प्लस टु वा अर्थशास्त्र, गणित वा तथ्याङ्कशास्त्रमध्ये कुनै एक मूल विषय लिई प्रविणता प्रमाणपत्र तह/प्लस टु वा सो सरह उत्तीर्ण।

३३.**नायब सुब्बा वा सो सरह, तह ५, प्रशासन सेवा, राजश्व समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्यशास्त्रमा प्रविणता प्रमाणपत्र तह/प्लस टु वा अर्थशास्त्र, गणित वा तथ्याङ्कशास्त्रमध्ये कुनै एक मूल विषय लिई प्रविणता प्रमाणपत्र तह/प्लस टु वा सो सरह उत्तीर्ण।

३४.**आन्तरिक लेखा परीक्षण सहायक वा सो सरह, तह ५, स्थानीय प्रशासन सेवा, आ.ले.प. समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यपार प्रशासन वा वाणिज्य शास्त्र विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण।

३५.**तथ्याङ्क सहायक वा सो सरह, तह ५, प्रशासन सेवा, विविध समूह, तथ्याङ्क उपसमूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित विषय सहित कुनै विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

३६.**महिला विकास निरीक्षक वा सो सरह, तह ५, प्रशासन सेवा, विविध समूह, महिला विकास उपसमूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) वा सो सरह उत्तीर्ण।

३७.**नायब सुब्बा वा सो सरह, तह ५, स्थानीय कानून सेवा, कानून समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण।

**<u>खुला तथा समावेशी परीक्षाको लागि सूचनाः</u>**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १६ र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ बमोजिम बमोजिम योग्य भएको हुनु पर्नेछ।

२. प्रथम चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ।

३. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

४. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

५. सवै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूहको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशनः**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू दरखास्त साथ पेश गर्नु पर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरूको सक्कल सहित नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ख) **दलितका हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

ग) **थारुका हकमाः** थारु आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर थारु आयोगबाट सूचीकृत नभएसम्मको लागि र सूचीकृत भएका जातिभित्र पनि एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

घ) **मधेशीका हकमाः** नेपाल सरकारले नेपाल राजपत्रमा वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्र वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

ङ) **मुस्लिमका हकमाः** राष्ट्रिय मुस्लिम आयोगबाट सूचीकृत भएको मुस्लिम समूदायको हकमा सोहि सूचीको आधारमा, तर राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत नभएसम्मको लागि र सूचिकृत भएको जातिको हकमा पनि एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

च) **अपाङ्गता भएका व्यक्तिको हकमाः** प्रचलित कानून बमोजिमको अपाङ्गता परिचयपत्र दरखास्तसाथ पेश गर्नु पर्नेछ।

**नोटः प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० बमोजिमको सुविधा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (४) तथा प्रदेश निजामती सेवा नियमावली २०८१ को नियम २१ को उपनियम (१) साथै स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० को उपदफा (२) अनुसार एक व्यक्तिले सहायकस्तर तह र अधिकृतस्तर तहमा सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ।**

**द्रष्टव्यः**

क) **स्वास्थ्य सेवा तर्फका सम्पूर्ण पदहरूमा दरखास्त दिन सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भई व्यवसाय अनुमति प्रमाणपत्र प्राप्त गरी म्याद कायम भएको हुनु पर्नेछ।**

ख) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने सिङ्गल दस्तुरको अन्तिम मितिसम्ममा न्यूनतम अवधि पूरा भएको हुनु पर्नेछ।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

घ) **समान तहको पदमा दरखास्त स्वीकृत गरिने छैन ।**

ङ) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० को उपदफा (२) अनुसार उल्लिखित तालिका बमोजिमको सुविधा एक व्यक्तिले सहायकस्तर तह र अधिकृतस्तर तहमा सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ।

च) **महिला विकास तर्फका पदहरुका लागि महिला मात्र उम्मेदवार हुन पाउनेछन।**

छ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

ज) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

झ) दरखास्त दिने अन्तिम मिति (२०८१/९/१४ गते) भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्तसाथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसकेका उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै बर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

ञ) उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।

ट) उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। **उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोवाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवार परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।**

ठ) **विज्ञापन नम्बर र परीक्षा केन्द्र फरक विवरण छनोट भएको अवस्थामा संशोधन सुनिश्चित गर्न आयोग वाध्य हुने छैन।**

ड) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ढ) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

ण) पाठ्यक्रम आयोगको वेबसाइट psc.koshi.gov.np बाट प्राप्त गर्न सकिने छ।